


# Learn About the United States

## Quick Civics Lessons for the Naturalization Test

HIAS

Translated into Nepali by HIAS

The translation into Nepali of this USCIS booklet was made possible under
DHS Agreement No. 2011-CS-010-000042 by the U.S. Department of Homeland Security to HIAS, Inc.

HIAS

Welcome the stranger.
Protect the refugee.

# संयुक्त राज्य अमेरिकाबारे जान्नुहोस्

**नागरिक शास्त्रको द्रुत शिक्षा**

# Learn About the United States: *Quick Civics Lessons*

Thank you for your interest in becoming a citizen of the United States of America. Your decision to apply for U.S. citizenship is a very meaningful demonstration of your commitment to this country and we applaud your efforts.

As you prepare for U.S. citizenship, *Learn About the United States: Quick Civics Lessons* will help you study for the civics and English portions of the naturalization interview. There are 100 civics (history and government) questions on the naturalization test. During your naturalization interview, you will be asked up to 10 questions from the list of 100 questions. You must answer correctly at least six (6) of the 10 questions to pass the civics test.

Applicants who are age 65 or older and have been a permanent resident for at least 20 years at the time of filing the *Application for Naturalization, Form N-400* are only required to study 20 of the 100 civics test questions for the naturalization test. These questions are flagged with an asterisk (*) in this booklet.

*Learn About the United States* contains short lessons based on each of the 100 civics (history and government) questions. This additional information will help you learn more about important concepts in American history and government. **During your naturalization interview, you will not be tested on the additional information in the short lessons.**

There are three components to the English portion of the test: speaking, reading, and writing. Your ability to speak English is determined by the USCIS Officer based on your answers to questions normally asked during the eligibility interview on the *Application for Naturalization, Form N-400*.

For the reading test, you must read one (1) out of three (3) sentences correctly to demonstrate an ability to read in English. There is a reading vocabulary list with all the words found in the English reading portion of the naturalization test included in the back of this booklet.

For the writing test, you must write one (1) out of three (3) sentences correctly to demonstrate an ability to write in English. There is a writing vocabulary list with all the words found in the English writing portion of the naturalization test included in the back of this booklet.

## Another Option to Help You Study: Civics Flash Cards

The USCIS Civics Flash Cards are a useful study tool to help you prepare for the naturalization test. These easy-to-use cards include each of the 100 civics (history and government) questions and answers on the naturalization test. With historical photos and informative captions, the Civics Flash Cards are an additional option to help you prepare for U.S. citizenship.

The Civics Flash Cards are available for free online at www.uscis.gov/citizenship. Hard copies are available for purchase from the U.S. Government Printing Office (GPO) by calling 1-866-512-1800 (toll-free) or by visiting http://bookstore.gpo.gov and searching for "Civics Flash Cards."






# संयुक्त राज्य अमेरिकाबारे जान्नुहोस्: नागरिक शास्त्रको द्रुत शिक्षा

संयुक्त राज्य अमेरिकाको नागरिक बन्ने तपाईंको चाहनाकोलाई धन्यवाद।अमेरिकी नागरिकताको लागि निवदेन दिने तपाईंको निर्णयले तपाईंमा यस देशको लागि प्रतिबद्धता छ भन्ने सार्थक प्रदर्शन गर्दछ र हामी तपाईंको प्रयासलाई सराहना गर्दछौं।

अमेरिकी नागरिकताकोलागि तपाईंले तयारी गर्दा, संयुक्त राज्य अमेरिकाको बारे जान्नुहोस्:नागरिक शास्त्रको द्रुत शिक्षाले तपाईंलाई नागरिक बनाउने प्रक्रियाकोनागरिक शास्त्र र अंग्रेजी अन्तर्वार्ताको अंशका लागि तयारी गर्न सहयोग गर्दछ।नागरिकताको परीक्षामा परीक्षामा १०० नागरिक शास्त्रसम्बन्धी (इतिहास र सरकार) प्रश्न हुनेछन्।नागरिकताको अन्तर्वार्ता हुँदा तपाईंलाई १०० प्रश्नबाट १० प्रश्नसम्म सोधिनेछन्। नागरिक शास्त्र परीक्षा उत्तीर्ण गर्न तपाईंले कम्तिमा १० प्रश्न मध्ये छ (६) प्रश्नको सही उत्तर दिनुपर्दछ।

नागरिकताका लागि आवेदन, फारम ऐन-४०० भर्दा आवेदकहरु ती आवेदकहरू जसको उमेर ६५ वर्ष र त्यसभन्दा माथि छ र कम्तिमा २० वर्षको स्थायी निवासी हुनुहुन्छ भनेनागरिकता परीक्षाको लागि तपाईंले नागरिक शास्त्रको केवल १०० प्रश्न मध्ये २० प्रश्न पढे पुग्दछ। यस पुस्तिकामा ती प्रश्नहरु एस्ट्रीकले (*) चिनाइएका छन्।

संयुक्त राज्य अमेरिकाबारे जान्नुहोस् मा हरेक १०० नागरिक शास्त्रका (इतिहास र सरकार) प्रश्नहरुसँग सम्बन्धित छोटा पाठहरु छन्। यस अतिरिक्त जानकारीले तपाईंलाई अमेरिकी इतिहास र सरकारबारेका महत्वपूर्ण अवधारणाहरु जान्न मद्दत गर्दछ। **नागरिकताको अन्तर्वार्ताको दौरान तपाईंलाई छोटा पाठका अतिरिक्त जानकारीको आधारमा परीक्षण गरिने छैन।**

अंग्रेजी अंशको परीक्षामा तीन भाग छन्: बोल्ने, पढ्ने र लेख्ने। तपाईंको अंग्रेजी बोल्नसक्ने क्षमता नागरिकता आवेदन, फारम ऐन-४००को योग्यता अन्तर्वार्तामा तपाईंलाई सोधिएका प्रश्नका जवाफका आधारमा यू.एस्.सी.आई अफिसरले निर्धारण गर्ने छन्।.

अंग्रेजी पढ्नसक्ने क्षमता प्रदर्शन गर्न पढ्ने परीक्षामा तपाईंले तीन (३) मध्येमा एक (१) वाक्य शुद्ध रूपमा पढ्नु पर्नेछ।नागरिकता परीक्षाको अंग्रेजी पढ्ने अंशमा पाइने सबै शब्दको सूची यस पुस्तिकाको अन्तिममा राखिएको छ।

अंग्रेजीमा लेख्नसक्ने क्षमता प्रदर्शन गर्न लेखन परीक्षामा तपाईंले तीन (३) मध्येमा एक (१) वाक्य शुद्ध लेख्न पर्नेछ।नागरिकतापरीक्षाको अंग्रेजी लेखन अंशमा पाइने सबै शब्दको लेखन शब्दावली सूची यस पुस्तिकाको अन्तिममा राखिएको छ।.

## तपाईंलाई पढ्न सहयोग गर्ने अर्को बिकल्प: नागरिक शास्त्र फ्ल्यास कार्ड

नागरिकता परीक्षाको तयारी गर्नको लागि यू.एस्.सी. आई.एस् नागरिक शास्त्र फ्ल्यास कार्ड एउटा उपयोगी पढ्ने साधन हो।यी प्रयोग-गर्न सजिला कार्डमा नागरिकता परीक्षाका हरेक १०० नागरिक शास्त्र (इतिहास र सरकार) प्रश्नहरु र उत्तरहरु समावेस गरिएका छन्। इतिहासिक तस्वीरर जानकारीमूलक अनुशीर्षक भएको नागरिक शास्त्र फ्ल्यास कार्ड तपाईंको अमेरिकी नागरिकताको लागि तयारी गर्ने थपविकल्प हो।

नागरिक शास्त्र फ्ल्यास कार्ड अनलाइनमा www.uscis.gov/citizenship सित्तैमा उपलब्ध छ। छापिएको प्रति किन्नको लागि अमेरिकी सरकारी छापाखाना कार्यालय(जी.पि.ओ) मा १-८६६-५१२-१८०० (टोल-फ्री) वा http://bookstore.gpo.govमा गएर “Civics Flash Cards.” खोजेर पाउन सकिन्छ।






# Learn About the United States

## Civics Test

### AMERICAN GOVERNMENT

In the United States, the government gets its power to govern from the people. We have a government of the people, by the people, and for the people. Citizens in the United States shape their government and its policies, so they must learn about important public issues and get involved in their communities. Learning about American government helps you understand your rights and responsibilities and allows you to fully participate in the American political process. The Founders of this country decided that the United States should be a representative democracy. They wanted a nation ruled by laws, not by men. In a representative democracy, the people choose officials to make laws and represent their views and concerns in government. The following section will help you understand the principles of American democracy, the U.S. system of government, and the important rights and responsibilities of U.S. citizenship.

### A: Principles of American Democracy

**1. What is the supreme law of the land?**

- ★ *the Constitution*

The Founding Fathers of the United States wrote the Constitution in 1787. The Constitution is the "supreme law of the land." The U.S. Constitution has lasted longer than any other country's constitution. It establishes the basic principles of the United States government. The Constitution establishes a system of government called "representative democracy." In a representative democracy, citizens choose representatives to make the laws. U.S. citizens also choose a president to lead the executive branch of government. The Constitution lists fundamental rights for all citizens and other people living in the United States. Laws made in the United States must follow the Constitution.

**2. What does the Constitution do?**

- ★ *sets up the government*
- ★ *defines the government*
- ★ *protects basic rights of Americans*

The Constitution of the United States divides government power between the national government and state governments. The name for this division of power is "federalism." Federalism is an important idea in the Constitution. We call the Founding Fathers who wrote the Constitution the "Framers" of the Constitution. The Framers wanted to limit the powers of the government, so they separated the powers into three branches: executive, legislative, and judicial. The Constitution explains the power of each branch. The Constitution also includes changes and additions, called "amendments." The first 10 amendments are called the "Bill of Rights." The Bill of Rights established the individual rights and liberties of all Americans.

**3. The idea of self-government is in the first three words of the Constitution. What are these words?**

- ★ *We the People*

The Constitution says:

*"We the People of the United States, in Order to form a more perfect Union, establish Justice, insure domestic Tranquility, provide for the common defence, promote the general Welfare, and secure the Blessings of Liberty to ourselves and our Posterity, do ordain and establish this Constitution for the United States of America."*

# संयुक्त राज्य अमेरिकाबारे जान्नुहोस्



# नागरिकशास्त्र परीक्षा

****************************************************************************************

## अमेरिकी सरकार

संयुक्त राज्य अमेरिकामा, सरकारले शासन गर्ने शक्ति जनताबाट पाउँछ।हामीसँग जनताको सरकार, जनताबाट बनेको सरकार र जनताको लागि बनेको सरकार छ। संयुक्त राज्य अमेरिकाका नागरिकले उनीहरुको सरकार र त्यसको नीतिको बनाउन योगदान गर्ने हुनाले उनीहरुले महत्वपूर्ण सार्वजनिक मुद्दाको बारेमा जान्नुपर्छ र समुदायमा सम्मिलित हुनुपर्दछ।अमेरिकी सरकारको बारेमा पढ्नाले तपाईंलाई तपाईंको अधिकार र जिम्मेवारीबारे बुझ्न सहयोग गर्छ र तपाईंलाई अमेरिकी राजनीतिक प्रक्रियामा पूर्णरुपमा सहभागी हुनअनुमति दिन्छ। यस देशका संस्थापकहरुले संयुक्त राज्य अमेरिका एउटा प्रतिनिधि प्रजातन्त्र हुनुपर्दछ भनेर फैसला गरे। उनीहरुले देश कानुनबाट चलोस् मानिसबाट होइन भन्ने चाहे। प्रतिनिधिक प्रजातन्त्रमा जनतालेकानुन बनाउने र उनीहरुको विचार र चाहनाको प्रतिनिधित्व गर्ने अधिकारीहरुको छनोट गर्दछन्।तलको भागले तपाईंलाई अमेरिकी प्रजातन्त्रको सिद्धान्त, अमेरिकी शासन प्रणाली र अमेरिकी नागरिकका महत्वपूर्ण अधिकार र जिम्मेवारी बारे बुझ्न मद्दत गर्नेछ।

****************************************************************************************

## क: अमेरिकी प्रजातन्त्रको सिद्धान्त

### १. देशको सर्वोच्च कानुन के हो?

★ **संबिधान**

संयुक्त राज्य अमेरिकाका संस्थापक पिताहरुले १७८१मा संविधान लेखे।संबिधान “देशको सर्वोच्च कानुन हो”। अमेरिकी संबिधान अरु देशको संबिधान भन्दा धेरै समयसम्म टिकेको छ।यसले संयुक्त राज्य अमेरिकाको सरकारको आधारभूत सिद्धान्तहरुलाई स्थापित गरेको छ।संबिधानले सरकारको शासनप्रणालीलाई स्थापित गर्दछ जसलाई “प्रतिनिधि प्रजातन्त्र” भनिन्छ।

प्रतिनिधि प्रजात न्त्रमा नागरिकले कानुन बनाउने अधिकारीको छनोट गर्छन्। अमेरिकी नागरिकले सरकारको कार्यकारी शाखाको नेतृत्व गर्नको लागि राष्ट्रपतिको चयन गर्दछन्।संबिधानले सबै नागरिक र संयुक्त राज्यमा बसोबास गर्ने अरु मानिसकोलागि मौलिक अधिकारहरु सूचीबद्ध गर्दछ।संयुक्त राज्यमा बनेका कानुनले संविधानको पालना गर्नुपर्दछ।

### २. संबिधानले के गर्छ?

★ **सरकार गठन गर्छ**

★ **सरकारलाई परिभाषित गर्छ**

★ **अमेरिकी जनताको आधारभूत अधिकारको सुरक्षा गर्छ**

संयुक्त राज्यको संविधानले सरकारी शक्तिलाई राष्ट्रिय सरकार र राज्य सरकारहरुमा विभाजन गर्दछ। यस शक्ति विभाजनको नाम“संघीयता” हो।संघीयता संबिधानको महत्वपूर्ण विचार हो। हामी संबिधानलेख्ने संस्थापक पिताहरुलाई संविधानका “निर्माताहरु” भन्दछौं। निर्माताहरुले सरकारको शक्तिलाई सीमित गर्न चाहे, त्यसैले उनीहरुले शक्तिलाई तीन शाखामा विभाजित गरे: कार्यकारिणी, विधायिका र न्यायपालिका। संबिधानले हरेक शाखाको शक्तिबारे विवरण दिन्छ। संबिधानमा परिवर्तन र परिवर्धन हुन सक्ने प्रावधान छ, जसलाई “संशोधनहरु” भनिन्छ। पहिला १० संशोधनहरुलाई “अधिकारको विधेयक” भनिन्छ। अधिकारको विधेयकले सबै अमेरिकीहरुको व्यक्तिगत अधिकारहरु र स्वतन्त्रतालाई स्थापित गर्दछ।

### ३. संबिधानका पहिलो तीन शब्दमा स्वशासनको बिचार छ। ती शब्दहरु के के हुन्?

★ **हामी जनता**

संविधानले भन्छ:

“हामी संयुक्त राज्य अमेरिकाको जनता, एउटा पूर्ण संघ बनाउन, न्याय स्थापना गर्न, घरेलू शान्ति निश्चित गर्न, आम रक्षा प्रदान गर्न, सामान्य कल्याणलाई बढावा दिन र आफु अनि आफ्नो भावी पिंढीलाई स्वतन्त्रताको अनुभूति सुनिश्चित गर्ने निश्चय गर्छौं र संयुक्त राज्य अमेरिकाको लागि यो संबिधानलाई स्थापित गर्छौं।”

****************************************************************************************

With the words "We the People," the Constitution states that the people set up the government. The government works for the people and protects the rights of people. In the United States, the power to govern comes from the people, who are the highest power. This is called "popular sovereignty." The people elect representatives to make laws.

**4. What is an amendment?**

- ★ *a change (to the Constitution)*
- ★ *an addition (to the Constitution)*

An amendment is a change or addition to the Constitution. The Framers of the Constitution knew that laws can change as a country grows. They did not want to make it too easy to modify the Constitution, the supreme law of the land. The Framers also did not want the Constitution to lose its meaning. For this reason, the Framers decided that Congress could pass amendments in only two ways: by a two-thirds vote in the U.S. Senate and the House of Representatives or by a special convention. A special convention has to be requested by two-thirds of the states. After an amendment has passed in Congress or by a special convention, the amendment must then be ratified (accepted) by the legislatures of three-fourths of the states. The amendment can also be ratified by a special convention in three-fourths of the states. Not all proposed amendments are ratified. Six times in U.S. history amendments have passed in Congress but were not approved by enough states to be ratified.

**5. What do we call the first ten amendments to the Constitution?**

- ★ *the Bill of Rights*

The Bill of Rights is the first 10 amendments to the Constitution. When the Framers wrote the Constitution, they did not focus on individual rights. They focused on creating the system and structure of government. Many Americans believed that the Constitution should guarantee the rights of the people, and they wanted a list of all the things a government could not do. They were afraid that a strong government would take away the rights people won in the Revolutionary War. James Madison, one of the Framers of the Constitution, wrote a list of individual rights and limits on the government. These rights appear in the first 10 amendments, called the Bill of Rights. Some of these rights include freedom of expression, the right to bear arms, freedom from search without warrant, freedom not to be tried twice for the same crime, the right to not testify against yourself, the right to a trial by a jury of your peers, the right to an attorney, and protection against excessive fines and unusual punishments. The Bill of Rights was ratified in 1791.

**6. What is <u>one</u> right or freedom from the First Amendment?***

- ★ *speech*
- ★ *religion*
- ★ *assembly*
- ★ *press*
- ★ *petition the government*

The First Amendment of the Bill of Rights protects a person's right to freedom of expression. Freedom of expression allows open discussion and debate on public issues. Open discussion and debate are important to democracy. The First Amendment also protects freedom of religion and free speech. This amendment says that Congress may not pass laws that establish an official religion and may not limit religious expression. Congress may not pass laws that limit freedom of the press or the right of people to meet peacefully. The First Amendment also gives people the right to petition the government to change laws or acts that are not fair. Congress may not take away these rights. The First Amendment of the Constitution guarantees and protects these rights.

**7. How many amendments does the Constitution have?**

- ★ *twenty-seven* (27)

The first 10 amendments to the Constitution are called the Bill of Rights. They were added in 1791. Since then, 17 more amendments have been added. The Constitution currently has 27 amendments. The 27th Amendment was added in 1992. It explains how senators and representatives are paid. Interestingly, Congress first discussed this amendment back in 1789 as one of the original amendments considered for the Bill of Rights.

***If you are 65 or older and have been a permanent resident of the United States for 20 or more years, you may study just the questions marked with an asterisk.**

संबिधानको “हामी जनता” (वि दि पिपुल)ले जनताले सरकार गठन गर्छन् भनेर बुझाउँछ। सरकारले जनताको लागि काम गर्दछ र नागरिक अधिकारको रक्षा गर्दछ। संयुक्त राज्य अमेरिकामा राज्य गर्ने शक्तिजनताबाट आउँछ, जो सर्वश्रेष्ठ शक्ति हुन्।यसलाई “लोकप्रिय सम्प्रभुता” भनिन्छ।जनताले कानुन बनाउन अधिकारी मनोनित गर्छन्।

## ४. संशोधन के हो?

- ★ एक परिवर्तन (संबिधानमा)
- ★ कुनै कुरा थप्नु (संबिधानमा)

संशोधन भनेको संबिधानमा केही परिवर्तन र केही थप्नु हो। संबिधानका निर्मातालाई देश अघि बढ्दै जाँदा कानुन र व्यवस्था परिवर्तन हुन्छ भन्ने कुरा थाहा थियो। उनीहरुले सजिलैसँग संबिधान, देशको सर्वोच्च कानुन रुपान्तरण गर्न दिन चाहेनन्।निर्माताहरुले संबिधानको अर्थ गुमोस् भन्ने चाहेनन्।त्यसोहुनाले निर्माताहरुले कांग्रेसले संशोधन दुई तरिकाबाट मात्र पारित गर्न सक्छ भन्ने निर्णय गरे: अमेरिकी सेनेट र प्रतिनिधिसभामा दुई तिहाई मतबाट वा विशेष सम्मेलनबाट। दुई तिहाई राज्यहरुले एउटा बिशेष सम्मेलनको लागि अनुरोध गर्नुपर्ने हुन्छ।कांग्रेसमा वा विशेष सम्मेलनमा संशोधन पारित भएपछि, तीन चौथाई राज्यका विधायकबाट पुष्टि (स्वीकृत) हुनुपर्दछ। तीन चौथाई राज्यमा एउटा विशेष सम्मेलनबाट पनि संशोधनको पुष्टि हुन सक्दछ। सबै प्रस्तावित संशोधनहरू पुष्टि हुँदैनन् । अमेरिकी इतिहासमा ६ पटकसम्म कांग्रेसमा संशोधनहरू पारित भएका छन् तर पर्याप्त संख्याका राज्यहरूबाट जारी हुनका लागु अनुमोदित भएनन्।

## ५. संबिधानको पहिलो दस संशोधनलाई हामी के भन्दछौं?

- ★ अधिकारको विधयेक

अधिकारको विधेयक संबिधानको पहिलो दस संशोधन हो। निर्माताहरुले संविधान लेख्दा व्यक्तिगत अधिकारलाई केन्द्रित गरेनन्। उनीहरु सरकारी व्यवस्था र संरचनामा केन्द्रित भए। धेरै अमेरिकी नागरिकले संविधानले नागरिक अधिकारलाई सुनिश्चितगर्नुपर्छ भने विश्वास गरे र तिनीहरुले सरकारले गर्न नसक्ने सबै कामहरु सूचीकृत गर्न चाहे। उनीहरु एक मजबुत सरकारले क्रान्तिकारी युद्धमा पाएको नागरिक अधिकार खोस्न सक्छन् भनेर डराए।जेम्स मेडिसन, संविधानका एक निर्माताले, नागरिक अधिकार र सरकारको सीमाको सूची बनाए।ती अधिकार पहिलो दस संशोधनमा छन् र त्यसलाई अधिकारको विधेयक भनिन्छ।

ती मध्ये केहि अधिकारहरुमा अभिव्यक्तिको स्वतन्त्रता, हतियार राख्ने अधिकार, वारेन्ट विना तलासी नलिने स्वतन्त्रता, एकै अपराधमा दुई चोटी सजाय नहुने स्वतन्त्रता, आफुले आफैलाई प्रमाणित गर्न नपाउनेबारे स्वतन्त्रता, आफ्नो समकक्ष व्यक्तिको निर्णायक समितिले परीक्षण गर्ने अधिकार, वकालत गर्ने अधिकार र अत्यधिक जरिमाना र असामान्य दण्डको बिरुद्ध संरक्षण हुन्। अधिकारको विधेयक १७९१मा अनुमोदनगरिएको थियो।

## ६. पहिलो संशोधनको एउटा अधिकार वा स्वन्त्रता के हो?*

- ★ भाषण
- ★ धर्म
- ★ विधानसभा
- ★ प्रेस
- ★ सरकारको याचिका

अधिकारको विधयेकको पहिलो संशोधनले एक व्यक्तिको अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको रक्षा गर्दछ। अभिव्यक्तिको स्वतन्त्रताले खुल्ला छलफल र साझा सवलमा वादविवाद गर्न छुट दिन्छ।खुल्ला छलफल र वादविवाद प्रजातन्त्रको लागि महत्वपूर्ण छ।पहिलो संशोधनले धर्मको स्वतन्त्रता र वाक् स्वतन्त्रताको रक्षा गर्दछ।यो संशोधनले कांग्रेसले एक अधिकारिक धर्म स्थापना गर्न नपाउने र धार्मिक अनुसरणलाई सीमित गर्ने कुनै कानुन पारित गर्न नपाउने भन्छ। कांग्रेसले प्रेस स्वतन्त्रता वा शान्तिपूर्ण नागरिक भेलाको अधिकारलाई सीमित गर्ने कुनै कानुन पारित गर्न पाउँदैन। पहिलो संशोधनले जनतालाई सरकारको पक्षपाती कानुन वा कार्यलाई परिवर्तन गर्न सरकारविरुद्ध याचिकाको अधिकार दिएको छ। कांग्रेसले यी अधिकार खोस्न सक्दैन। संबिधानको पहिलो संशोधनले यी अधिकारलाई सुनिश्चितता प्रदान गर्छ र रक्षा गर्छ।

## ७. संबिधानमा कति संशोधन छन्?

- ★ सत्ताइस (२७)

संविधानका पहिला १० संशोधनलाई अधिकारको विधेयक भनिन्छ । ती १७९१ मा समावेश गरिएका थिए । त्यसपछि अरु १७ वटा संशोधनहरू समावेश गरिए । हाल संविधानमा २७ संशोधनहरू छन् । २७औं संशोधन १९९२मा भएको थियो । यसले सिनेटर र अधिकारीहरूलाई कसरी तलब दिइन्छ भनेर व्याख्या गर्दछ । रमाइलो कुरो के छ भने कांग्रेसले यस संशोधनको बारेमा १७८९ मै अधिकार विधेयकको एउटा मुख्य परिवर्तनका रूपमा छलफल गरेको थियो ।

***********************************************************************************************



* यदि तपाईं ६५ वर्ष वा सो भन्दा माथिको उमेरका हुनुहुन्छ र संयुक्त राज्यमा २० वा त्यो भन्दा बढी समयदेखि बसोबास गर्दै आउनुभएको छ भने तपाईंले एस्ट्रिस्क चिन्ह भएका प्रश्नहरू मात्र पढे पुग्छ ।

**8. What did the Declaration of Independence do?**

★ *announced our independence (from Great Britain)*

★ *declared our independence (from Great Britain)*

★ *said that the United States is free (from Great Britain)*

The Declaration of Independence contains important ideas about the American system of government. The Declaration of Independence states that all people are created equal and have "certain unalienable rights." These are rights that no government can change or take away. The author of the Declaration, Thomas Jefferson, wrote that the American colonies should be independent because Great Britain did not respect the basic rights of people in the colonies. Jefferson believed that a government exists only if the people think it should. He believed in the idea that the people create their own government and consent, or agree, to follow laws their government makes. This idea is called "consent of the governed." If the government creates laws that are fair and protect people, then people will agree to follow those laws. In the Declaration of Independence, Jefferson wrote a list of complaints the colonists had against the King of England. Jefferson ended the Declaration with the statement that the colonies are, and should be, free and independent states. The Second Continental Congress voted to accept the Declaration on July 4, 1776.

**9. What are two rights in the Declaration of Independence?**

★ *life*

★ *liberty*

★ *pursuit of happiness*

The Declaration of Independence lists three rights that the Founding Fathers considered to be natural and "unalienable." They are the right to life, liberty, and the pursuit of happiness. These ideas about freedom and individual rights were the basis for declaring America's independence. Thomas Jefferson and the other Founding Fathers believed that people are born with natural rights that no government can take away. Government exists to protect these rights. Because the people voluntarily give up power to a government, they can take that power back. The British government was not protecting the rights of the colonists, so the colonies took back their power and separated from Great Britain.



**Benjamin Franklin, John Adams, and Thomas Jefferson in "Writing the Declaration of Independence, 1776," by Jean Leon Gerome Ferris.**
*Courtesy of the Library of Congress, LC-USZC4-9904.*

**10. What is freedom of religion?**

★ *You can practice any religion, or not practice a religion.*

Colonists from Spain, France, Holland, England, and other countries came to America for many different reasons. One of the reasons was religious freedom. The rulers of many of these countries told their citizens that they must go to a certain church and worship in a certain way. Some people had different religious beliefs than their rulers and wanted to have their own churches. In 1620, the Pilgrims were the first group that came to America seeking religious freedom. Religious freedom was also important to the Framers. For this reason, freedom of religion was included in the Constitution as part of the Bill of Rights. The First Amendment to the Constitution guarantees freedom of religion. The First Amendment states, "Congress shall make no law respecting an establishment of religion, or prohibiting the free exercise thereof." The First Amendment also prohibits Congress from setting up an official U.S. religion, and protects citizens' rights to hold any religious belief, or none at all.

**11. What is the economic system in the United States?***

★ *capitalist economy*

★ *market economy*

The economic system of the United States is capitalism. In the American economy, most businesses are privately owned. Competition and profit motivate businesses. Businesses and consumers interact in the marketplace, where prices can be negotiated. This is

### ८. स्वाधीनताको घोषणाले के गर्यो?

- ★ हाम्रो स्वाधीनताको घोषणा (ग्रेट ब्रिटेनबाट)
- ★ हाम्रो स्वाधीनताको ऐलान(ग्रेट ब्रिटेनबाट)
- ★ संयुक्त राज्य अमेरिका स्वतन्त्र छ भनियो (ग्रेट ब्रिटेनबाट)

स्वाधीनताको घोषणामा अमेरिकी सरकारको प्रणाली बारे महत्वपूर्ण विचारहरु छन्। स्वाधीनताको ऐलानले सबै जनताहरु समान छन् र उनीहरुसँग "केहि अपरिहार्य अधिकार" छन् भन्ने कुरा बताउँछ । यी अधिकारलाई सरकारले परिवर्तन र खारेज गर्न सक्दैन। घोषणाका लेखक, थोमस जेफर्सनले ग्रेट ब्रिटेनले उपनिवेशका जनताको आधारभूत अधिकारलाई सम्मान नगरेकोले अमेरिकन उपनिवेश स्वतन्त्र हुनुपर्दछ भनेर लेखेका छन्। जेफर्सनले जनताले सरकार रहोस् भन्ने चाहेमा मात्र रहने कुरामा विश्वास राखे। उनले जनताले आफ्नो सरकार आफै बनाउने र सरकारले बनाएका कानुनमा सहमति जनाउने वा स्वीकार गर्ने वा पालना गर्ने विचारमा विश्वास राखे।यो विचारलाई "शासनको सहमति" भनिन्छ। सरकारले बनाएका कानुन स्वच्छ छन् र जनताको रक्षा गर्छन् भने, जनताले त्यो कानुन पालना गर्न स्वीकार गर्नेछन्। स्वाधीनताको ऐलानमा, जेफेर्सनले उपनिवेशीहरुले इंग्ल्याण्डका राजाका बिरुद्ध गरेको उजुरीलाई सूचीकृत गरेका छन्। उपनिवेशहरु स्वतन्त्र र स्वाधीन राज्य छन् र हुनुपर्दछ भन्दै जेफेर्सनले ऐलानलाई अन्त्य गरेका छन्।दोश्रो महाद्वीपीय कांग्रेसले ऐलानलाई स्वीकार गर्न जुलाई४, १७७६मा मतदान गर्यो।

### ९. स्वाधिनताको घोषणाका दुई अधिकार के हुन्?

- ★ जीवन
- ★ स्वतन्त्रता
- ★ खुशीको खोज

स्वाधीनताको घोषणाले तीन अधिकारलाई सूचीकृत गर्दछ जुन संस्थापक पिताहरुलेप्राकृतिक र अपरिहार्य ठाने। ती बाँच्ने अधिकार, स्वतन्त्रता र खुशीको खोज हुन् । व्यक्तिगत अधिकार र स्वतन्त्रताका बारे यी अधिकारहरु अमेरिकाको स्वाधीनता घोषणाका आधार थिए। थोमस जेफर्सन र अन्य संस्थापक पिताहरुले यो विश्वास राखे कि मानिस प्राकृतिक अधिकारसंगै जन्मिन्छ र ती अधिकार सरकारले पनि खोस्न सक्दैन। सरकार ती अधिकारको रक्षा गर्नका लागि हो । मानिसले स्वेच्छासँग सरकारलाई शक्ति दिन्छन् त्यसैले उनीहरुले ती शक्ति फिर्ता लिन सक्छन्। ब्रिटिश सरकारले उपनिवेशीहरुको अधिकारको रक्षा गरेनन् त्यसैले उपनिवेशीहरुले तिनीहरुको शक्ति फिर्ता लिए र ग्रेट ब्रिटेनबाट अलग भए।

### १०. धार्मिक स्वतन्त्रता भने को के हो?

- ★ तपाईंले कुनैपनि धर्मको पालना गर्न सक्नु हुन्छ, वा कुनै पनि धर्मको पालना नगर्न सक्नु हुन्छ।

स्पेन, फ्रान्स, हल्याण्ड, इंल्याण्ड र अन्य देशका उपनिवेशीहरु धेरै कारणले अमेरिकामा आए। ती मध्ये एक कारण धर्म स्वतन्त्रता थियो।यी देशका धेरै जसो शासकहरुले आफ्ना नागरिकलाई निश्चित चर्चमा जानु पर्ने र निश्चित विधिमा पूजाअर्चना गर्नुपर्ने भनेर आदेश दिए।केहि मानिसको शासकको भन्दा पृथक विभिन्न धार्मिक विश्वास थियो र उनीहरुले आफ्नै चर्च होस् भन्ने चाहे। १६२० मा तीर्थयात्रीहरुको पहिलो समूह अमेरिकामा धार्मिक स्वतन्त्रता खोज्दै आयो। धार्मिक स्वतन्त्रता कृषकहरुलाई पनि महत्वपूर्ण थियो। यिनै कारणले गर्दा धार्मिक स्वतन्त्रता संविविधानको अधिकारको विधयेकमा समावेश गरिएको थियो। संविधानको पहिलो संशोधनले धार्मिक स्वतन्त्रतालाई सुनिश्चित गर्दछ। पहिलो संशोधनले "कांग्रेसले धर्मको स्थापनालाई सम्मान गर्ने वा स्वतन्त्र पालनलाई रोक लगाउने कानुन बनाउन सक्दैन।" भनेर स्पष्ट गर्दछ। पहिलो संशोधनले कांग्रेसलाई एउटा आधिकारिक अमेरिकी धर्म निश्चित गर्नबाट रोक लगाउँछ र नागरिकको कुनै पनि धार्मिक विश्वास पालना गर्ने अधिकार वा कुनै पनि धर्ममाविश्वास नगर्ने अधिकारको रक्षा गर्दछ।

### ११. संयुक्त राज्य अमेरिकामा कस्तो अर्थ प्रणाली छ?*

- ★ पूंजीवादी अर्थव्यवस्था
- ★ बजार अर्थब्यवस्था

संयुक्त राज्य अमेरिकाको अर्थव्यवस्था पूँजीवादी हो। अमेरिकी अर्थव्यवस्थामा सबैभन्दा धेरै कारोबार निजी स्वामित्वमा छ। प्रतियोगिता र लाभले व्यवसायलाई प्रेरित गर्छन् । व्यवसायहरु र उपभोक्ताहरु बजारमा परस्परमा छलफल गर्न सक्छन जहाँ मूल्यमा सम्झौता हुनसक्छ।

called a "market economy." In a market economy, businesses decide what to produce, how much to produce, and what to charge. Consumers decide what, when, and where they will buy goods or services. In a market economy, competition, supply, and demand influence the decisions of businesses and consumers.

**12. What is the "rule of law"?**

- ★ ***Everyone must follow the law.***
- ★ ***Leaders must obey the law.***
- ★ ***Government must obey the law.***
- ★ ***No one is above the law.***

John Adams was one of the Founding Fathers and the second president of the United States. He wrote that our country is, "a government of laws, and not of men." No person or group is above the law. The rule of law means that everyone (citizens and leaders) must obey the laws. In the United States, the U.S. Constitution is the foundation for the rule of law. The United States is a "constitutional democracy" (a democracy with a constitution). In constitutional democracies, people are willing to obey the laws because the laws are made by the people through their elected representatives. If all people are governed by the same laws, the individual rights and liberties of each person are better protected. The rule of law helps to make sure that government protects all people equally and does not violate the rights of certain people.

## B: System of Government

**13. Name one branch or part of the government.***

- ★ ***Congress***
- ★ ***legislative***
- ★ ***President***
- ★ ***executive***
- ★ ***the courts***
- ★ ***judicial***

The Constitution establishes three branches of government: legislative, executive, and judicial. Article I of the Constitution establishes the legislative branch. Article I explains that Congress makes laws. Congress (the Senate and the House of Representatives) is the legislative branch of the U.S. government. Article II of the Constitution establishes the executive branch. The executive branch enforces the laws that Congress passes. The executive branch makes sure all the people follow the laws of the United States. The president is the head of the executive branch. The vice president and members of the president's cabinet are also part of the executive branch. Article III of the Constitution establishes the judicial branch. The judicial branch places the highest judicial power in the Supreme Court. One responsibility of the judicial branch is to decide if government laws and actions follow the Constitution. This is a very important responsibility.

**14. What stops one branch of government from becoming too powerful?**

- ★ ***checks and balances***
- ★ ***separation of powers***

The Constitution separates the government's power into three branches to prevent one person or group from having too much power. The separation of government into three branches creates a system of checks and balances. This means that each branch can block, or threaten to block, the actions of the other branches. Here are some examples: the Senate (part of the legislative branch) can block a treaty signed by the president (the executive branch). In this example, the legislative branch is "checking" the executive. The U.S. Supreme Court (the judicial branch) can reject a law passed by Congress (the legislative branch). In this example, the judicial branch is "checking" the legislative branch. This separation of powers limits the power of the government and prevents the government from violating the rights of the people.

**15. Who is in charge of the executive branch?**

- ★ ***the President***

The job of the executive branch is to carry out, or execute, federal laws and enforce laws passed by Congress. The head of the executive branch is the president. The president is both the head of state and the head of government. The president's powers include the ability to sign treaties with other countries and to select ambassadors to represent the United States around the world. The president also sets national policies and proposes laws to Congress. The president names the top leaders of the federal departments. When there is a vacancy on the Supreme

★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★★

***If you are 65 or older and have been a permanent resident of the United States for 20 or more years, you may study just the questions marked with an asterisk.**

यसलाई “बजार अर्थव्यवस्था” भनिन्छ।बजार अर्थव्यवस्थामा व्यवसायले के उत्पादन गर्ने, कति उत्पादन गर्ने र कतिमा बेच्ने भनेर निर्णय गर्छन्।उपभोक्ताले के, कहिले र कहाँ समान वा सेवा खरिद गर्ने भनेर निर्णय गर्छन्।बजार अर्थव्यवस्थामा प्रतिस्पर्धा, आपूर्ति र माँगले व्यवसाय र उपभोक्ताको निर्णयलाई प्रभावित गर्छ।

### १२. “कानुनको शासन” के हो?

- ★ **प्रत्येक व्यक्तिले कानुनको पालना गर्नुपर्दछ**
- ★ **नेताहरुले कानुनको पालना गर्नुपर्दछ**
- ★ **सरकारले कानुनको पालना गर्नुपर्दछ**
- ★ **कोहिपनि कानुन भन्दा ठुलो छैन**

जोन एडम संयुक्त राज्यका दोश्रा राष्ट्रपति र संस्थापक निर्मातामध्ये एक थिए। उनले हाम्रो देश “कानुनको सरकार हो, व्यक्तिको होइन” भनेर लेखे। कुनै पनि व्यक्ति वा समुह कानुन भन्दा ठुलो छैन। “कानुनको शासन” भन्नाले सबैले (नागरिकहरु र नेताहरु) कानुनको पालना गर्नुपर्दछ। अमेरिकामा, अमेरिकी संविधान कानुनी शासनको भूमिहो। अमेरिका संवैधानिक प्रजातान्त्रिक (संबिधान भएको प्रजातन्त्र) देश हो।संवैधानिक प्रजातान्त्रिक देशमा मानिसहरु कानुन मान्न तयार हुन्छन् किनभने यी कानुनहरु उनीहरुलेनै चुनेका प्रतिनिधिहरूबाट बनाइएका हुन्छन्। यदि सबै व्यक्तिलाई एकै कानुनले बाँध्यो भने व्यक्तिगत अधिकार र हरेक व्यक्तिको स्वतन्त्रताहरु राम्रोसँग सुरक्षित हुन्छ। सरकारले सबै व्यक्तिलाई समानरुपमा रक्षा गर्दछ र कुनै व्यक्तिको अधिकारको उल्लंघन गर्दैन भनेर कानुनको शासनले सुनिश्चित गर्दछ।

## ख: सरकारको कार्य प्रणाली

### १३. सरकारको <u>एउटा</u>शाखा वा अंगको नाम भन्नुहोस। *

- ★ **कांग्रेस**
- ★ **विधायिका**
- ★ **राष्ट्रपति**
- ★ **कार्यकारी**
- ★ **न्यायालय**
- ★ **न्यापालिक**

संबिधानले सरकारको तीन अंगको स्थापना गरेको छ: विधायिका, कार्यपालिका र न्यापालिका। संबिधानको धारा १ ले विधायिकाको स्थापना गर्दछ। कांग्रेसले कानुन बनाउछ भनेर धारा १ ले वर्णन गर्दछ। कांग्रेस (सेनेट र प्रतिनिधि सभा)अमेरिकी सरकारको विधायिका शाखा हुन्। धारा २ ले कार्यपालिका शाखाको स्थापना गर्दछ।कार्यपालिका शाखाले कांग्रेसले पारित गरेका कानुनहरु लागु गर्दछ। कार्यपालिका शाखाले सबै व्यक्तिले अमेरिकाको कानुनको पालना गरेको सुनिश्चित गर्दछ। राष्ट्रपति कार्यपालिकाशाखाका अध्यक्ष हुन्। उपराष्ट्रपति र राष्ट्रपतिको मन्त्रिमण्डलका सदस्यहरु पनि कार्यकारी शाखाका अंग हुन्।संविधानको धारा ३ले न्यायपालिकाको स्थापना गर्दछ। न्यायपालिकाले सर्वोच्च अदालतमा सर्वोच्च न्यायिक शक्ति दिन्छ। सरकारको कानुन र कार्य संबविधानसम्मत छ छैन भनेर तय गर्नु न्यायपालिका शाखाको एउटा जिम्मेवारी हो। यो धेरै महत्वपूर्ण जिम्मेवारी हो।

### १४. सरकारको <u>एउटा</u> अंगलाई मात्र धेरै शक्तिशाली हुन के ले दिदैन?

- ★ **नियन्त्रण र सन्तुलन**
- ★ **शक्ति बाँडफाँड**

एउटा व्यक्ति वा समुहलाई धेरै शक्तिशाली हुननदिन संविधानले सरकारको शक्तिलाई तीन शाखामा बाँड्छ।सरकारको शक्तिलाई तीन शाखामा बाँड्नाले नियन्त्रण र सन्तुलनको प्रणाली बन्छ। यसको अर्थ हो हरेक शाखाले अर्को शाखाको कार्यलाई अवरोध गर्न वा अवरोध गर्ने धम्की दिन सक्छ।यहाँ केही उदाहरणहरु छन्: सेनेट(विधायिका शाखाको अंग)ले राष्ट्रपति(कार्यकारी शाखा)ले हस्ताक्षर गरेको सन्धिलाई अवरोध गर्न सक्छ। उदाहरणका लागि, विधायिका शाखालेले कार्यकारीलाई “नियन्त्रण” गर्छ । अमेरिकी सर्वोच्च अदालतले(न्यायपालिका शाखा)ले कांग्रेस(विधायिका शाखा) लेपारित गरेको कानुनलाई बर्खास्त गर्न सक्छ।त्यसैले न्यायपालिका शाखाले विधायिका शाखालाई “नियन्त्रण” गर्यो। शक्ति बाँडफाँडले सरकारको शक्तिलाई सीमित गर्दछ र सरकारलाई मानिसको अधिकार उल्लंघन गर्नबाट रोक्छ।

### १५. कार्यपालिका शाखाको प्रमुखको हो?

- ★ **राष्ट्रपति**

कार्यपालिका शाखाको काम संघीय कानुनलाई पालन वा कार्यन्वयन गर्ने र कांग्रेसले पारित गरेका कानुनहरु लागू गर्नु हो। कार्यकारी शाखाका प्रमुख राष्ट्रपति हुन्। राष्ट्रपति राज्यका प्रमुखका साथसाथै सरकार प्रमुख पनि हुन्। राष्ट्रपतिको शक्तिमा अरु देशसँग सन्धिमा हस्ताक्षर गर्ने र अमेरिकालाई विश्वभर प्रतिनिधित्व गर्न राजदूतको चयन गर्ने हो। राष्ट्रपतिले राष्ट्रिय नीतिहरु तय गर्छन् र कांग्रेसलाई कानुनहरुको प्रस्ताव गर्छन्। संघीय शाखाकोप्रमुख नेताहरुराष्ट्रपतिले मनोनित गर्छन्।

*******************************************************************************



* यदि तपाईँ ६५ वर्ष वा सो भन्दा माथिको उमेरका हुनुहुन्छ र संयुक्त राज्यमा २० वा त्यो भन्दा बढी समयदेखि बसोबास गर्दै आउनुभएको छ भने तपाईँले एस्ट्रिस्क चिन्ह भएका प्रश्नहरू मात्र पढे पुग्छ।

Court, the president names a new member. However, the Senate has the power to reject the president's choices. This limit on the power of the president is an example of checks and balances.

### 16. Who makes federal laws?

- ★ *Congress*
- ★ *Senate and House (of Representatives)*
- ★ *(U.S. or national) legislature*

Congress makes federal laws. A federal law usually applies to all states and all people in the United States. Either side of Congress—the Senate or the House of Representatives—can propose a bill to address an issue. When the Senate proposes a bill, it sends the bill to a Senate committee. The Senate committee studies the issue and the bill. When the House of Representatives proposes a bill, it sends the bill to a House of Representatives committee. The committee studies the bill and sometimes makes changes to it. Then the bill goes to the full House or Senate for consideration. When each chamber passes its own version of the bill, it often goes to a "conference committee." The conference committee has members from both the House and the Senate. This committee discusses the bill, tries to resolve the differences, and writes a report with the final version of the bill. Then the committee sends the final version of the bill back to both houses for approval. If both houses approve the bill, it is considered "enrolled." An enrolled bill goes to the president to be signed into law. If the president signs the bill, it becomes a federal law.

### 17. What are the <u>two</u> parts of the U.S. Congress?*

- ★ *the Senate and House (of Representatives)*

Congress is divided into two parts—the Senate and the House of Representatives. Because it has two "chambers," the U.S. Congress is known as a "bicameral" legislature. The system of checks and balances works in Congress. Specific powers are assigned to each of these chambers. For example, only the Senate has the power to reject a treaty signed by the president or a person the president chooses to serve on the Supreme Court. Only the House of Representatives has the power to introduce a bill that requires Americans to pay taxes.



**The Rotunda of the U.S. Capitol.**
*Courtesy of the Architect of the Capitol.*

### 18. How many U.S. Senators are there?

- ★ *one hundred (100)*

There are 100 senators in Congress, two from each state. All states have equal power in the Senate because each state has the same number of senators. States with a very small population have the same number of senators as states with very large populations. The Framers of the Constitution made sure that the Senate would be small. This would keep it more orderly than the larger House of Representatives. As James Madison wrote in *Federalist Paper #63*, the Senate should be a "temperate and respectable body of citizens" that operates in a "cool and deliberate" way.

### 19. We elect a U.S. Senator for how many years?

- ★ *six (6)*

The Framers of the Constitution wanted senators to be independent from public opinion. They thought a fairly long, six-year term would give them this protection. They also wanted longer Senate terms to balance the shorter two-year terms of the members of the House, who would more closely follow public opinion. The Constitution puts no limit on the number of terms a senator may serve. Elections for U.S. senators take place on even-numbered years. Every two years, one-third of the senators are up for election.

जब सर्वोच्च अदालतमा पद रिक्त हुन्छ तब राष्ट्रपतिले नयाँ सदस्य चयन गर्छन्। तरपनि सेनेटसँग राष्ट्रपतिको चयन बदर गर्ने शक्ति हुन्छ। राष्ट्रपतिको शक्ति सिमित गर्ने योउदाहरण नियन्त्रण र सन्तुलन हो।

### १६. संघीय कानुन कसले बनाउछ?

- ★ कांग्रेस
- ★ सेनेट र सभा (प्रतिनिधि)
- ★ विधायिका (अमेरिकी वा राष्ट्रिय)

कांग्रेसले संघीय कानुन बनाउँछ। संघीय कानुन सबै राज्यमा र संयुक्त राज्य अमेरिकाका सबै मानिसमा लागु हुन्छ। कांग्रेसको कुनै पनि भाग – सेनेट वा प्रतिनिधिसभाले कुनै पनि मुद्दामा छलफल गर्न विधेयक पेस गर्न सक्छन्।सेनेटले विधेयक पेस गरेपछि त्यो विधेयकसेनेट समितिमा जान्छ। सेनेट समितिले त्यो मुद्दा र विधेयक दुवै पढ्छन। जब प्रतिनिधिसभाले विधेयक पेस गर्छ, त्यो विधेयक प्रतिनिधिसभा समितिमा जान्छ। समितिले त्यो बिल र मुद्दा पढ्छन र कहिलेकहिँ त्यसमा परिवर्तन पनि गर्छन्। त्यसपछि त्यो विधेयक पुरै सदनमा वा सेनेटमा बिचारको लागि जान्छ। जब प्रत्येक कक्षले आफ्नै बिलको संस्करण पेस गर्छन् तब यो “सम्मेलन समितिमा” पुग्छ। सम्मेलन समितिमा दुवै प्रतिनिधिसभा र सेनेटबाट सदस्यहरु हुन्छन्। यो समितिले विधेयकमाथि छलफल गर्छ, मतभेदलाई सुल्झाउन प्रयास गर्छ र एउटा रिपोर्ट तयार गर्छ जुन विधेयकको अन्तिम संस्करण हो। त्यसपछि समितिले अन्तिम संस्करणलाई दुवै सदनमा स्वीकृतिको लागि पठाउँछ। दुवै सदनले विधेयक पारित गरेमा यसलाई “समावेश.”  गरिन्छ। समावेश गरिएको विधेयक राष्ट्रपति कहाँ कानुनमा समावेश गर्नको लागि हस्ताक्षरको लागि जान्छ। जब राष्ट्रपतिले विधेयक हस्ताक्षर गर्छन् तब त्यो संघीय कानुन बन्छ।

### १७. अमेरिकी कांग्रेसको दुई भाग के-के हुन्?*

- ★ सेनेट र सभा (प्रतिनिधि)

कांग्रेस दुई भागमा बिभाजित छ – सेनेट र प्रतिनिधि सभा। यसका दुईवटा “कक्ष” छन् त्यसैले अमेरिकी कांग्रेसलाई “द्विसदनीय” विधायिकाको रुपमा चिनिन्छ। कांग्रेसमा नियन्त्रण र सन्तुलन प्रणालीले काम गर्छ।हरेक कक्षलाई विशेष शक्ति दिइएको छ। उदाहरणको लागि, केवल सेनेटसँग राष्ट्रपतिबाट हस्ताक्षरित सन्धि वा सर्वोच्च अदालतक लागि राष्ट्रपतिले मनोनित गरेको व्यक्ति खारेज गर्ने शक्ति छ। प्रतिनिधिसभालाई केवल एउटा विधयेक पेश गर्ने शक्ति छ जसमा अमेरिकनहरुले कर तिर्नुपर्ने हुन्छ।

### १८. अमेरिकी सेनेटर (सभासद)कतिजनाछन्?

- ★ एक सय (१००)

कांग्रेसमा हरेक राज्यबाट २ गरेर १०० सेनेटर छन्। सेनेटमा हरेक राज्यको समान शक्ति छ किनभने हरेक राज्यको सेनेटरको संख्या बराबर छ। थोरै जनसंख्या भएको राज्यको पनि धेरै जनसंख्या भएको राज्य जति नै सेनेटरको संख्या छ। संविधानका निर्माताहरुले सेनेट सानो हुने कुराको विश्वास दिलाएका थिए। यसले गर्दा सेनेटलाई ठुलो प्रतिनिधिसभा भन्दा बढी ब्यबस्थित हुन्छ। जेम्स मेडिसनले संघवादी पेपर #६३मा, सेनेट “संयमी र नागरिकको सम्मानजनक अंग हुनु पर्दछ” जुन “शान्त र विचारयुक्त” रुपमा परिचालन हुनुपर्दछ भनेर लेखेका थिए।

### १९. हामीले सेनेटर (सभासद)कति वर्षको लागि मनोनित गर्छौं?

- ★ छ (६)

संविधानक निर्माताहरुले सेनेटरहरु जनताको रायबाट स्वतन्त्र होउन्भन्ने चाहन्थे। तिनीहरुले सोचे, छ वर्ष लामो कार्यकालले उनीहरुलाई यो संरक्षण दिन्छ। उनीहरु लामो सेनेट कार्यकाल र छोटो दुई-वर्षे सभाका सदस्यको कार्यकालका बीचमा सन्तुलन गर्न चाहन्थे जो जनताको रायलाई अझ नजीकबाट हेर्न सक्छन्। संविधानले सेनेटरको कार्यकाल कति पटकमा सीमित हुनुपर्छ भनेर किटान गरेको छैन। संयुक्त राज्य अमेरिकाका सेनेटरको निर्वाचन जोडी वर्षमा हुन्छ। हरेक दुई वर्षमा एक तिहाई सेनेटरहरु निर्वाचनमा जान्छन्।

**20. Who is one of your state's U.S. Senators now?***

★ *Answers will vary. [District of Columbia residents and residents of U.S. territories should answer that D.C. (or the territory where the applicant lives) has no U.S. Senators.]*

For a complete list of U.S. senators and the states they represent, go to www.senate.gov.

**21. The House of Representatives has how many voting members?**

